कार्यपालिका वैठकका प्रस्तावहरु (२०७९/०१/०७ गते)

प्रस्ताव नं. १ : ढुङ्गा, गिटी बालुवा बिक्रीको आन्तरिक आयको बोलपत्र सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ : विज्ञापन कर संकलनको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : राजस्व तथा अनुदान प्राप्तीको अनुमान सम्बन्धमा ।

प्रस्ताव नं. ४ : सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्र तथा सुझाव सम्बन्धमा ।

प्रस्ताव नं. ६ : प्लट मिलान गरी जग्गा रजिष्ट्रेशन पास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : योजनाहरुको म्याद थप सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : आ.व. २०७९/०८० मा ढुङ्गा, गिटी, बालुवा, स्लेट लगायतका नदीजन्य पदार्थहरुको बिक्री कार्य मार्फत आन्तरिक राजस्व संकलन गर्नको लागि मेलम्ची नगरपालिकाको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ले तोकेका विभिन्न क्षेत्रहरुबाट वार्षिक रुपमा उत्खनन् गर्न सकिने परिमाण र हाल उत्खनन् भई क्रसर उद्योगको यार्डमा रहेको मौज्दातको परिमाण दुबैलाई अध्ययन गर्दा तथा यस नगरपालिकाबाट ढुङ्गा, गिटी, बालुवाको बिक्री मार्फत आन्तरिक राजस्व संकलनको लागि गरिएको ठेक्का बन्दोबस्तको अवस्थालाई समेत मध्यनजर गर्दै राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आ.व. २०७९/०८० को लागि मू.अ.कर बाहेक रु. २५ करोड राजस्व संकलनको प्रक्षेपण गरिएको हुँदा उक्त ठेक्काको मू.अ.कर सहित हुन आउने कूल अंङ्क रु. २८,२५,००,०००।– (अक्षरुपी अठ्ठाइस करोड पच्चिस लाख रुपैयाँ मात्र) मा आ.व. २०७९/०८० को लागि अनुसूची–१ बमोजिमको बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिका क्षेत्र भित्र आ.व. २०७९/०८० मा विज्ञापन कर संकलनको लागि मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७८ मा उल्लिखित दररेट बमोजिम राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आ.व. २०७९/०८० को लागि मू.अ.कर बाहेक रु.४ लाख राजस्व संकलनको प्रक्षेपण गरिएको हुँदा उक्त विज्ञापन कर संकलन ठेक्काको मू.अ.कर सहित हुन आउने कूल अंङ्क रु. ४,५२,०००।– (अक्षरुपी चार लाख बाउन्न हजार रुपैयाँ मात्र) मा आ.व. २०७९/०८० को लागि अनुसूची–२ बमोजिमको विज्ञापन कर संकलनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : आ.व. २०७९/०८० को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट सिफारिस भई आएको अनुसूची–३ बमोजिम राजश्व र अनुदान प्राप्तीको अनुमान स्वीकृतिको लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२६५ मिति २०७८/१२/११ को पत्रबाट नगरपालिका भित्रका सार्वजनिक जग्गाको अभिलेख राखी संरक्षण गर्नको लागि लेखि आएको हुँदा उक्त कार्यको लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा भित्रबाट पाँच सदस्यीय समिति निर्माण गरी सार्वजनिक जग्गाको खोजतलास, अभिलेख व्यवस्थापन तथा संरक्षण गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २४३७८ मिति २०७८/११/२३ को पत्रबाट सुझाव कार्यान्वयनको लागि लेखि आएको हुँदा प्राप्त पत्र बमोजिमको सुझाव कार्यान्वयन गर्न नगरपालिका

मातहत र नगरपालिका भित्रका सम्बन्धित निकायहरुलाई निर्देशन गर्ने निर्णय गरियो । साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समय समयमा प्राप्त भएका पत्रको सम्बन्धमा आजको यस वैठकमा छलफल गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. १२ गिराञ्चौर स्थित गिराञ्चौर नमूना एकिकृत बस्तीको धुर्मुस सुन्तली फाउण्डेशन, काठमाडौं महानगरपालिका वडा नं. ३२, काठमाडौंको नाममा मालपोत कार्यालय, सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम भएका र मिति २०७८/१२/१८ गतेको कार्यपालिका वैठकको निर्णय नं. ३ मा छुट हुन गएका देहाय बमोजिमका कि.नं. र क्षे.फ. का जग्गाहरु प्लट मिलान गरी प्लटिङ नक्शा बमोजिम सम्बन्धित व्यक्तिहरुको नाममा कित्ता काट गरी रजिष्ट्रेशन पास गर्नको लागि मालपोत कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कित्ता नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|
| १ | १२४७ | ०–१२–०–० | |
| २ | १३४१ | १–३–०–० | |
| ३ | १३४३ | ०–१–०–२ | |
| ४ | १३६० | ०–१–१–१ | |
| ५ | १३६२ | ०–१–०–० | |

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाबाट संचालित देहायका योजनाहरु कोभिड – १९, मेलम्ची बाढी पहिरो लगायतका विविध कारणहरुबाट तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसेकोले देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | म्याद थप गर्ने अवधि |
|---|---|---|
| १ | भुमेस्थान धौले जाने सिंढी निर्माण, मेलम्ची न.पा. ११ | २०७९ असार १५ गतेसम्म |
| २ | ओख्रेनीचौर धुसेनी सडक स्तरोन्ती, मेलम्ची न.पा. ११ र ४ | २०७९ असार १५ गतेसम्म |

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०१/........

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०७९/०८० मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०७८/७९ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.फि. ) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/2079-80/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | २७७७७७७७.७७ (दुई करोड सतहत्तर लाख सतहत्तर हजार सात सय सतहत्तर दशमलब सतहत्तर ) | २८,२५,००,०००।– (अक्षरुपी अट्ठाइस करोड पच्चीस लाख रुपैयाँ मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १०,०००।– |

ठेक्का सम्बन्धी शर्तहरु

१. माथि उल्लिखित बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुबैमा खुलाउनु पर्नेछ । जुन कबोलकर्ताको अंङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधि २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म कायम रहनेछ ।

३. ठेक्का सम्झौता भए पछि कनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन । साथै, IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइनेछैन ।

४. माथि उल्लिखित ठेक्का अंङ्कको मू.अ.कर ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२०

दिनसम्म म्याद भएको बैक जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकम किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

६. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१००००0१ मा सम्बन्धित फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ।

७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र पेश गर्दा कुनै पनि प्रकारको शर्त मान्य हुने छैन। साथै, रित नपुगी आएको दरभाउपत्र उपर कुनै पनि कारवाही हुनेछैन।

९. बोलपत्र सम्बन्धी कुनै बिवाद् भएमा मेलम्ची नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०. सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा E-Bidding मार्फत बोलपत्र बुझाउनु पर्नेछ। साथै, बोलपत्र फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np मा समेत राखिएको छ र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट समेत डाउनलोड गरी E- Bidding मार्फत पेश गर्नु पर्नेछ। कार्यालयमा प्राप्त भएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिनेछ।

११. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता विवरण | किस्ता बुझाउने मिति | किस्ता रकम रु. |
|---|---|---|
| प्रथम किस्ता | ठेक्का स्वीकृत भई ठेक्का सम्झौता हुँदाको बखत | कूल कबोल अंङ्कको २५ % ले हुन आउने रकम |
| दोश्रो किस्ता | २०७९ साल पौष मसान्तसम्म | कूल कबोल अंङ्कको ४० % ले हुन आउने रकम |
| अन्तिम किस्ता | २०८० साल असार १५ गतेसम्म | कूल कबोल अंङ्कको बाँकी ३५ % रकम |

१३. ठेक्का कबोल गर्ने ठेकेदारले मेलम्ची न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१४. ठेक्का सम्झौता हुँदाको बखत सम्बन्धित पक्षले प्रथम किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको "क" वर्गको बैंकबाट जारी गरिएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।

१५. शर्त नं. १३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नुपर्नेछ।

१६. ठेकेदारले उठाउने कर शुल्क नगरपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

१७. मेलम्ची नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन।

१८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।

१९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम बिना शर्त असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन र उजुर बाजुर समेत गर्न पाउँने छैन।

२०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

२१. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२२. मेलम्ची नगरपालिका भित्रका नदीवाट ढुंगा, गिट्टी, बालुवा, निकाली बिक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पूलको तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ। ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्शांकन् गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ।

२३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

२४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन।

२५. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

२६. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा जिल्ला अनुगमन समिति, स्थानीय अनुगमन कार्यदल र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

२७. नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

२८. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२९. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता गरिएको सम्पूर्ण रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ।

३०. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

## विज्ञापन कर संकलनको दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०१/........

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ. र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ८ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलनको लगि तपसिलमा उल्लिखित विज्ञापन दररेट बमोजिम आ.व. २०७९/०८० मा आन्तरिक राजस्व संकलन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E-bidding मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

### ठेक्का विवरण

| क्र. सं. | बोलपत्र नं. | ठेक्काको विवरण | विज्ञापन सामग्रीको विवरण | दर रेट (रु.) | न्यूनतम रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | MMSI/2079-80/02 | विज्ञापन कर संकलन | विद्युतीय डिजिटल बोर्ड प्रति वर्ग फिट | २०० | ४,५२,०००।– (अक्षरुपी चार लाख बाउन्न हजार रुपैयाँ मात्र) | कूल कबोल अङ्कको ५% ले हुन आउने धरौटी रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १०००।– |
| | | | होर्डिङ बोर्ड/साइन बोर्ड प्रति वर्ग फिट | ७५ | | | |
| | | | ब्यानर पोष्टर प्रति वर्ग फिट | १० | | | |
| | | | भित्ते लेखन प्रति वर्ग फिट | १० | | | |
| | | | व्यापारिक स्टल (प्रति गोटा ) | १५० | | | |
| | | | व्यापार तथा मेलामा प्रयोग भएको इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | २०० | | | |

### ठेक्का सम्बन्धी शर्तहरु

१. माथि उल्लिखित दरभाउपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुबैमा खुलाउनु पर्नेछ। जुन कबोलकर्ताको अंङ्क बढी हुन्छ सो कबोलकर्ताको दरभाउपत्र स्वीकृत गरिनेछ।

२. विज्ञापन कर संकलनको ठेक्का अवधि २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म कायम रहनेछ।

३. ठेक्का सम्झौता भए पछि कनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन।

४. माथि उल्लिखित ठेक्का अंङ्कको मू.अ.कर ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

५. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैक जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकम किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३००००००१००१०००००१ मा सम्बन्धित फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ।

७. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र पेश गर्दा कुनै पनि प्रकारको शर्त मान्य हुने छैन। साथै, रित नपुगी आएको दरभाउपत्र उपर कुनै पनि कारवाही हुनेछैन।

९. दरभाउपत्र सम्बन्धी कुनै बिवाद् भएमा मेलम्ची नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०. सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा E-Bidding मार्फत दरभाउपत्र बुझाउनु पर्नेछ। साथै, दरभाउपत्र फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np मा समेत राखिएको छ र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट समेत डाउनलोड गरी E- Bidding मार्फत पेश गर्नु पर्नेछ। कार्यालयमा प्राप्त भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिनेछ।

११. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१२. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता गरिएको सम्पूर्ण रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ।

१३. अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

अनुसूची –३

मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

### राजश्व तथा अनुदान प्राप्तिको अनुमान

| क्र.सं. | राजस्व शिर्षक | राजश्व संकेत नं. | आ.व. २०७८/०७९ को चैत्र महिनासम्मको यथार्थ आय | आ.व. २०७८/०७९ को संशोधित अनुमान | आ.व. २०७९/०८० को प्रक्षेपण | आ.व. २०८०/०८१ को प्रक्षेपण | आ.व. २०८१/०८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| 1 | सम्पति कर | 11313 | 2055291.00 | 2200000.00 | 2500000.00 | 3000000.00 | 3000000.00 |
| 2 | घरजग्गा बहाल कर | 11321 | 1975435.01 | 1800000.00 | 2200000.00 | 2400000.00 | 2600000.00 |
| 3 | घरजग्गा रजिष्ट्रेशन शुल्क | 11315 | 0.00 | 48000000.00 | 8000000.00 | 8000000.00 | 8000000.00 |
| 4 | सेवा शुल्क | 14243 | 4759063.66 | 3000000.00 | 4100000.00 | 4150000.00 | 4150000.00 |
| 5 | सेवा दस्तुर | 14244 | 955686.75 | 2000000.00 | 2000000.00 | 2000000.00 | 2000000.00 |
| 6 | पर्यटन शुल्क | 14191 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 7 | विज्ञापन कर | 11472 | 133100.00 | 133100.00 | 400000.00 | 440000.00 | 484000.00 |
| 8 | व्यवसाय कर | 14611 | 8898117.50 | 48928323.86 | 10000000.00 | 11000000.00 | 11000000.00 |
| 9 | भुमिकर (मालपोत) | 11314 | 1538561.67 | 2500000.00 | 2500000.00 | 2500000.00 | 2500000.00 |
| 10 | दण्ड जरिवाना | 14312 | 176044.37 | 150000.00 | 200000.00 | 250000.00 | 300000.00 |
| 11 | मनोरञ्जन कर | 11479 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 12 | बहाल बिटौरी कर | 11322 | 2615000.00 | 3500000.00 | 3500000.00 | 3500000.00 | 3500000.00 |
| 13 | जडीबुटी, कबाडी र जीवजन्तु कर | 11632 | 255113.00 | 150000.00 | 150000.00 | 200000.00 | 250000.00 |
| 14 | प्राकृतिक श्रोत साधन व्यवसायिक कर (ढुङ्गा, गिट्टी, वालुवा) | 14219 | 162212384.10 | 249557514.00 | 250000000.00 | 250000000.00 | 250000000.00 |
| 15 | जि.स.स. अनुदान | | 10696360.00 | 8000000.00 | 5000000.00 | 5000000.00 | 5000000.00 |
| | **जम्मा** | | **196270157.06** | **369918937.86** | **290550000.00** | **292440000.00** | **292784000.00** |
| राजश्व बाँडफाँड :- | | | | | | | |
| 1 | संघीय राजश्व बाँडफाँड (±) | | 65338537.82 | 101438000.00 | 122880000.00 | 135168000.00 | 148684800.00 |
| 2 | प्रदेश राजश्व बाँडफाँड (±) | | 68808931.87 | 102895298.28 | 113184828.11 | 124503310.92 | 136953642.01 |
| 3 | जि स स मौज्दात कोष बाँडफाँड (±) | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 4 | राजश्व बाँडफाँड हस्तान्तरण (–) | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 5 | मु.अ.क. दाखिला (–) | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | **जम्मा** | | **134147469.69** | **204333298.28** | **236064828.11** | **259671310.92** | **285638442.01** |

| क्र.सं. | राजस्व शिर्षक | राजश्व संकेत नं. | आ.व. २०७८/०७९ को चैत्र महिनासम्मको यथार्थ आय | आ.व. २०७८/०७९ को संशोधित अनुमान | आ.व. २०७९/०८० को प्रक्षेपण | आ.व. २०८०/०८१ को प्रक्षेपण | आ.व. २०८१/०८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| अन्य आय :- | | | | | | | |
| 1 | वेरुजु असुली | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 2 | गत वर्षको मौज्दात | | 266087482.48 | 266087482.48 | 0.00 | 10000000.00 | 20000000.00 |
| | **जम्मा** | | **266087482.48** | **266087482.48** | **0.00** | **10000000.00** | **20000000.00** |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण :- | | | | | | | |
| संघीय सरकारबाट प्राप्त हुने अनुदान :- | | | | | | | |
| 1 | नेपाल सरकार-समानीकरण अनुदान-नगद अनुदान | | 148875000.00 | 198500000.00 | 210100000.00 | 231110000.00 | 254221000.00 |
| 2 | नेपाल सरकार-सशर्त अनुदान-नगद अनुदान | | 250911000.00 | 357900000.00 | 429300000.00 | 472230000.00 | 519453000.00 |
| 3 | नेपाल सरकार-समपुरक अनुदान-नगद अनुदान | | 0.00 | 0.00 | 86006758.00 | 94607433.80 | 104068177.18 |
| 4 | नेपाल सरकार-विशेष अनुदान-नगद अनुदान | | 4200000.00 | 4200000.00 | 150000000.00 | 165000000.00 | 181500000.00 |
| 5 | नेपाल सरकार-प्रदेश तथा स्थानीय तह क्षमता विकास अनुदान- | | 199447.50 | 305000.00 | 305000.00 | 335500.00 | 369050.00 |
| 6 | प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी | | 4338667.37 | 4500000.00 | 5000000.00 | 5500000.00 | 6050000.00 |
| 7 | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | **जम्मा** | | **408524114.87** | **565405000.00** | **880711758.00** | **968782933.80** | **1065661227.18** |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान :- | | | | | | | |
| 1 | प्रदेश सरकार-वित्तीय समानीकरण अनुदान-नगद | | 13338000.00 | 17784000.00 | 21314000.00 | 23445400.00 | 25789940.00 |
| 2 | प्रदेश सरकार-सशर्त अनुदान-नगद | | 18369000.00 | 24492000.00 | 26941200.00 | 29635320.00 | 32598852.00 |
| 3 | प्रदेश सरकार-समपुरक अनुदान-नगद | | 0.00 | 30000000.00 | 67500000.00 | 74250000.00 | 81675000.00 |
| 4 | प्रदेश सरकार-विशेष अनुदान-नगद | | 0.00 | 5100000.00 | 30000000.00 | 33000000.00 | 36300000.00 |
| 5 | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | **जम्मा** | | **31707000.00** | **77376000.00** | **145755200.00** | **160330720.00** | **176363792.00** |
| | **कूल जम्मा** | | **1036736224.10** | **1483120718.62** | **1553081786.11** | **1691224964.72** | **1840447461.19** |

2079/09/06